# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड : ७ | सङ्ख्या : १ | मिति : २०८०/०२/०७ |
|---|---|---|


**भाग-२**

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८०/०२/०७

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति लक्षित पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति लक्षित पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यावस्थापन) कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०८०/०२/०७

हतुवागढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**घोडेटार, भोजपुर**

**नेपाल**

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति लक्षित पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यावस्थापन) कार्यविधि, २०८०

प्रस्तावना: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको सिलसिलामा आर्जन गरेको ज्ञान सीप अनुभव प्रविधि र पूँजीलाई सदुपयोग गर्न राज्यबाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरले बस्ने प्रवृतिमा न्युनिकरण गर्न र स्वदेशमानै आयमुलक तथा रोजगार मुलक कार्यमा लाग्न थप प्रेरणा दिने गरि उद्यमशिलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनःएकिकरण कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय भएकोले
वैदेशिक रोजगार नियमावली २०६४ को नियम ५२ क को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी हतुवागढी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेदः १
### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "वैदेशिक रोजगारबाट फर्केका व्यक्ति लक्षित पुनःएकिकरण कार्यक्रम सञ्चालन तथा व्यावस्थापन कार्यविधि, २०८०" रहने छ ।

(२) यो कार्यविधि हतुवागढी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

(३) यो कार्यविधि हतुवागढी गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ।

(१) "गाउँपालीका" भन्नाले हतुवागढी गाउँपालिका सम्झनु पर्छ ।

(२) "कार्यपालिका" भन्नाले हतुवागढी गाउँपालकिकाको कार्यपालिकालाई संम्झनु पर्छ ।

(३) "विदेशमा काम गरी फर्केका " भन्नाले नियमानुसार वैदेशिक रोजगारबाट स्वदेश फर्कका व्यक्तिलाई जनाउने छ ।

(४) "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डलाई सम्झनु पर्नेछ ।

(५) "निर्देशिका" भन्नाले वैदेशिक रोजगारीबाट फर्कका व्यक्तिको लागि पुन एकिकरण कार्यक्रम (संचालन तथा व्यावस्थापन) निर्देशिका २०७९ लाई जनाउने छ ।

(६) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले निर्देशिकाको परिच्छेद ४ को दफा १९ को उपदफा १ बमोजिम गठन भएको समितिलाई जनाउने छ ।

(७) "सस्थागत प्रस्तावक" भन्नाले कम्तिमा ८० प्रतिशत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु समिलित संस्था/समुहलाई जनोउदछ ।

३.उद्देश्य:

(१) गाउँपालिकाबाट सञ्चालन हुने पुनःएकिकरण कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, व्यवस्थित, प्रभावकारी, पारदर्शी बनाउने ।

(२) पुनःएकिकरण कार्यक्रम लाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादन मूलक बनाउने ।

(३) अनुदानमा आधारीत कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निस्पक्ष र पारदर्शी बनाउने ।

प्रेम कुमार राई
अध्यक्ष

(४) सेवा प्रवाहको प्रकृयालाई सरल, निस्पक्ष र प्रणालियुक्त बनाउने ।

(५) उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(६) वैदेशिक रोजगारमा सिकेको ज्ञान सीप अनुभव प्रविधि पुजीलाई स्वदेशमै उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने।

## परिच्छेद: २
## कार्य सञ्चालन प्रक्रिया

४. **कार्यक्रम कार्यान्वयन प्रकृया:**

(१) बोर्ड र गाउँपालिकाको सम्झौता बमोजिम कार्यक्रम अगाडी बढाईनेछ ।

(२) बोर्ड र गाउँपालिकाको सम्झौता बमोजिम साझेदारीमा कार्यक्रममा समावेश गरी बजेट प्रस्ताव गर्ने छ ।

(३) कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा एक वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गरिनेछ।

(४) सम्वन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसुचि १ बमोजिमको ७/१५/३० दिने सूचना जारी गरि प्रस्ताव आव्हान गर्ने छ ।

(५) कार्यक्रम लागु हुने पहिलो वर्षका लागि उपदफा ३ बाध्यकारी रहने छैन । स्थानीय सरकारको कार्यपालिकाको निर्णय अनुसार सञ्चालन गर्न सकिनेछ।

(६) सुचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनको लागि उपयुक्त र इच्छुक प्रस्तावकहरूले अनुसूचि २बमोजिमको आवेदन, अनुसुचि ३ बमोजिमको व्यवसायिक योजना, अनुसुचि ४ बमोजिमका लागत साझेदारी प्रतिवद्धता पत्र , अनुसुचि ५ बमोजिमको स्वघोषणा पत्र, अनुसुचि ६ बमोजिमको वडा कार्यालयको सिफारिस पत्र, सूचनामा माग भएबमोजिमका कागजपत्रका साथै अन्य सान्दर्भिक कागजातहरू संलग्न राखि निर्धारीत समय भित्र रोजगार सेवा केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(७) दफा ३ को मुताविकको सूचनाको आधारमा निर्धारीत समय भित्र प्रयाप्त प्रस्ताव दर्ता हुन नआएमा सम्वन्धित कार्यालयले म्याद थप को ७/१५ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(८) रीत नपुगी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन ।

(९) प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

(१०) उपदफा ८ मा जे सुकै लेखिएता पनि वडाबाट सिफारिस गरेका व्यत्तिलाई कार्यक्रममा समावेश गर्न परेमा कार्यपालिकाको निर्णय वमोजिम कार्यक्रम कार्यान्वयन गर्न कुनै बाधा पुग्ने छैन ।

## परिच्छेद: ३

५. **सम्झौता:**

(१) स्वीकृत प्रस्तावका आवेदन संग सम्बन्धित कार्यालयले अनुसुची ९ बमोजिमको द्विपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावक सँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) द्विपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार बनाईने छ ।

६. अनुदान प्रवाहका शर्तहरु:

(१) नियमानुसार वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम दाखिला गर्ने र श्रम स्विकृति लिई वैदेशिक रोजगारमा गएर फर्केका व्यक्तिहरु मात्र यस कार्यक्रममा समावेश हुन पाउनेछन ।

(२) वैदेशिक रोजगारबाट फर्केका ४०वर्ष माथिका उद्दमीहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

(३) उपदफा २ बमोजिमका व्यक्ति उपलब्ध नभएमा ४० वर्ष मुनिका उद्दमशिल व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

(४) प्रस्ताविक कार्यक्रमका लागि योग्यता पुगेको सस्थागत/निजि प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएकालाई पहिलो प्राथमिकतामा राखिनेछ।

(५) उपदफा २ अनुसारका प्रस्तावक नआएमा व्यक्तिगत उद्यमशिल लाभग्राहिहरुलाई प्रस्तावका आधारमा समावेश गरिनेछ ।

(६) विगत २ वर्ष भित्र सरकारी निकायहरुबाट सोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि कम प्राथमिकतामा राखिनेछ। तर अपूरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न वाधा पर्ने छैन।

(७) साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरु खरिद गर्दा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनि/फर्म आदिको विवरण सम्बन्धित कार्यालयमा पेश गरि पूर्व स्वीकृति लिएर खरिद गर्नु पर्नेछ। साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/पानमा दर्तावाला व्यवसायिक फर्मले जारि गरेको विल विजक पेश नगरेको खण्डमा सम्बन्धित कार्यालयले सम्झौता मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(८) लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्वन्धित जग्गा धनि सँग कम्तिमा ५ वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(९) कार्यक्रम सञ्चालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(१०) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(११) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह रकम असुली र कारवाही हुनेछ ।

(१२) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी वजेट रु. ३० हजार वा सो भन्दा बढी भएको अवस्थामा व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ ।

(१३) प्रस्तावकले लागतको कम्तिमा ३० प्रतिशत लागत साझेदारी गरेको हुनु पर्नेछ ।

(१४) अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

(१५) भ्रमण, गोष्ठी, तलब, भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन ।

(१६) फर्म/समुहहरु भएमा सम्वन्धित निकायमा अनिवार्य रुपमा दर्ता र नविकरण भएको हुनुपर्ने छ ।

(१७) निजी फर्महरुको हकमा पहिलो वर्षको लागि दर्ता अनिवार्य रहने छैन । यदि आवश्यकता र औचित्यताको आधारमा अनुदान निरन्तरता दिनु पर्ने भएमा नियमानुसार दर्ता भएको हुनु पर्नेछ ।

(१८) कर योग्य सामग्री खरिद नियमानुसार दर्ता भई नियमित कर चुक्ता गर्दै गरेका विक्रेताबाट गर्नु पर्नेछ ।

(१९) उपदफा १८ बमोजिमको विल विजक उपलब्ध हुन नसक्ने विक्रेताबाट खरिद गर्नु परेमा नियमानुसारको कर कट्टि गरि नगदि भर्पाई मार्फत कारोबार गर्नु पर्नेछ ।

७. **आर्थिक पक्ष :**

१. अनुदान रकम स्थानीय तहबाट ७० प्रतिशत र लाभग्राहिको तर्फबाट ३० प्रतिशत लागत साझेदारी गरी हुन आउने रकमलाई एकमुष्ट गरि खर्च गर्नु पर्नेछ ।

२. प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

## परिच्छेद: ४

८. भुक्तानी प्रक्रियाः

(१) सम्वन्धित साझेदारले सुरुमा आफनो तर्फको लगानी बाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग बिल, मेजरमेन्ट, कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियम अनुसारका कोटेशन, बिल बिजक, दाखिला प्रतिवेदन एवं फोटोग्राफ आदि कागजात संलग्न राखी भुक्तिानीको लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग बिलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिनेछ साथै कार्यक्रम ७०/३० प्रतिशतको लागत साझेदारी सञ्चालन हुनेछ। अर्थात यस हतुवागढी गाउँपालिकाले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको ७० प्रतिशत वराबर मानी बाँकि ३० प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) भुक्तानी गरिने रकम बाट नियम अनुसारका कर कट्टी गरि बाँकि रकम उपलब्ध गराईनेछ ।

(४) कार्यालयले साझेदार संग द्विपक्षीय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकमको भुक्तानी कसरी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(५) सामान्यतयाः अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढिमा दुई किस्तामा साझेदारको वैंक खाता मार्फत हुनेछ। । तर रु.१ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ।

९. कार्यक्रम कार्यान्वयन सम्वन्धि जिम्मेवारी तथा दायित्वः

(१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

(२) सम्झौता अनुसार कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदार लाभग्राहिको हुनेछ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धि कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त खरिद गर्न सक्नेछ।

(४) अनुदान ग्राहिले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेदः ५

१०. अनुगमन र मुल्याङ्कनः

(१) आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरुबाट र भुक्तानी प्रयोनजको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन, मुल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए नभएको हतुवागढी गाउँपालिका कार्यक्रम कार्यान्वयन समिति/गाउँपालिका स्तरिय/वडा स्तरिय अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलिले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरि दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) ३ लाख भन्दा माथिका योजनामा संचालित कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिङ बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारिको लागि राख्नु पर्नेछ ।

## परिच्छेदः ६

११.अनुदानका कार्यक्रमहरु

१.१ व्यावसायिक पशुपालन

१.१.१ बाखा पालन

सहभागि मापदण्डः

(क) वैदेशिक रोजगारीबाट फर्केर निजी तथा सामुहिक व्यवसायिक बाखा फर्म संचालन गरेको हुनुपर्ने।

अनुदान रकमको उपयोगः

- यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम बाट प्रजनन योग्य रैथाने/उन्नत बिउऽ बाखा खरिद गर्न सकिने छ ।
- जिल्ला बाहिरबाट ढुवानी गर्नु परेमा प्रति गोटा रु २००० ।- र जिल्लाभित्रबाट भएमा प्रति गोटा रु १००० ।-
- खोर निर्माण, सुधार ।
- फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।

> फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

कार्यक्रमको प्राविधिक पक्षः

१ तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।

२ उन्नत जात/बोयर/जमुनापारि जातको प्रजनन योग्य बिउ बोका खरिद गर्न सकिने ।

३ रैथाने जातका बाख्रा खरिद गर्नु पर्ने भएमा शारिरीक रुपमा स्वश्थ्य र उन्नत प्रकृतिका मात्र खरिद गर्नु पर्नेछ ।

४ सम्भव भए सम्म दर्ता भएका फर्म/सुचिकृत भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने ।

५ तोकिएको खोप लगाएको हुनुपर्ने ।

आर्थिक पक्षः

१ अनुदान रकम ७० प्रतिशत मात्र प्राप्त हुनेछ ।

२ प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

१.१.२ कुखुरा पालन

सहभागि मापदण्डः

(क) निजी तथा सामुहिक व्यवसायिक कुखुरा फर्म कम्तिमा १०० वटा कुखुरा अट्ने फर्म हुनुपर्नेछ।

अनुदान रकमको उपयोगः

> यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम बाट प्रजनन योग्य स्थानीय/करकनाथ/गिरिराज/ब्रोइलर आदि खरिद गर्न सकिने छ ।

> ढुवानीमा प्रचलित नियमानुसार गरि भूक्तानि माग गर्नु पर्नेछ ।

> खोर निर्माण, सुधार ।

> फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।

> फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

कार्यक्रमको प्राविधिक पक्षः

१ तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।

२ स्थानीय/करकनाथ/गिरिराज/ब्रोइलर जातको प्रजनन योग्य कुखुरा खरिद गर्नुपर्ने ।

३ सम्भव भए सम्म दर्ता भएका फर्म/सुचिकृत भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने ।

४ सम्भव भए सम्म तोकिएको खोप लगाएको हुनुपर्ने ।

आर्थिक पक्षः

१.अनुदान रकम ७० प्रतिशत मात्र प्राप्त हुनेछ ।

२.ढुवानीमा प्रचलित नियमानुसार खर्च गर्न सकिनेछ ।

३.प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तामी हुने ।

१.१.३ बंगुर पालन

सहभागि मापदण्डः

(१) वैदेशिक रोजगारीबाट फर्केर निजी तथा सामुहिक व्यवसायिक बंगुर फर्म संचालन गरेको हुनुपर्नेछ ।

अनुदान रकमको उपयोगः

- यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम बाट प्रजनन योग्य रैथाने/उन्नत बिउ बंगुर खरिद गर्न सकिने छ ।
- ढुवानीमा प्रति गोटा रु ५००
- खोर निर्माण, सुधार ।
- फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।
- फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

कार्यक्रमको प्राविधिक पक्षः

१ तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।
२ उन्नत जात/स्थानीय जातको प्रजनन योग्य बंगुर खरिद गर्नुपर्ने ।
३ सम्भव भए सम्म दर्ता भएका फर्म/सुचिकृत भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने ।
४ तोकिएको खोप लगाएको हुनुपर्ने ।

आर्थिक पक्षः

१. अनुदान रकम ७० प्रतिशत मात्र प्राप्त हुनेछ ।
२. ढुवानीमा अधिकतम प्रति गोटा रु ५००। खर्च गर्न सकिनेछ ।
३. प्राविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

१.१.४ गाई / भैसी पालन

सहभागि मापदण्डः

१ वैदेशिक रोजगारीबाट फर्केर निजी तथा सामुहिक व्यवसायिक गाई/भैसी फर्म संचालन गरेको हुनुपर्नेछ ।

अनुदान रकमको उपयोगः

- यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम बाट प्रजनन योग्य रैथाने/उन्नत विउ गाई / भैसी खरिद गर्न सकिने छ ।
- ढुवानीमा प्रति गोटा रु ५०००
- गोठ निर्माण, सुधार ।
- फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।
- फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

कार्यक्रमको प्राविधिक पक्षः

१ तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।
३ उन्नत जात/स्थानीय जातको प्रजनन योग्य गाई / भैसी खरिद गर्नुपर्ने ।
४, सम्भव भए सम्म दर्ता भएका फर्म/सुचिकृत भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने ।
५, तोकिएको खोप लगाएको हुनुपर्ने ।

आर्थिक पक्षः

१ अनुदान रकम ७० प्रतिशत मात्र प्राप्त हुनेछ ।
२ ढुवानीमा अधिकतम प्रति गोटा रु ५०००। खर्च गर्न सकिनेछ ।

३ प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

हतुवागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घोडेटार, भोजपुर कोशी प्रदेश नेपाल

**१.२ व्यवसायिक कृषि (तरकारी फलफुल तथा नगदेबाली) उद्यमी प्रोत्साहन (टनेल/सितभण्डार निर्माण तथा सुधार) कार्यक्रम :**

क. सहभागि मापदण्डः

१ निजी / सामुहिक व्यवसायिक फर्ममा कम्तिमा ५ रोपनी क्षेत्रमा कृषि गरेको फर्म ।

ख. अनुदान रकमको उपयोगः

१ टनेल खरिद निर्माण, सुधार ।

२ सितभण्डार सुधार तथा व्यवस्थापन ।

३. फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।

४. फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

५. बिउ बिजन खरिद ।

६. आवश्यकता अनुसार अन्य क्षेत्रमा सञ्चानल गर्न सकिने ।

ग. कार्यक्रमको प्राविधिक पक्षः

१ सम्झौता/कार्ययोजना अनुसार कार्य गर्नुपर्नेछ ।

२ तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।

३ अनुसूची—३, (व्यवसाय योजना) मा उल्लेख भएको भौतिक संरचनाका कार्य अनुसूची ७, (स्थलगत प्रमाणिकरण), अनुसूची—८(प्रस्ताव मुल्यांकन) मा सफल भएमा प्राविधिकले स्थलगत अनुगमन गरि तयार गरेको लागत अनुमान अनुसारको कार्य गर्नु पर्नेछ ।

घ. आर्थिक पक्षः

१ अनुदान रकम ७० प्रतिशत मात्र प्राप्त हुनेछ ।

२ ढुवानीमा नियमानुसार खर्च गर्न सकिनेछ ।

३ प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

**१.३ उद्दमशिलता प्रवर्द्धन कार्यक्रम**

क. सहभागि मापडण्ड

स्थानीय तहमा परम्परागत सीप स्थानीय श्रोत साधन र प्रविधिमा आधारित कृषि तथा अन्य उद्दमशिलता संचालन गरिरहेकाहरुलाई संलग्न गरि कार्यक्रम संचालन गर्न सकिनेछ ।

ख. अनुदान रकमको उपयोग,

- परम्परागत सीप र प्रविधिलाई प्रोत्साहन गर्न आधुनिक उपकरण र आवश्यक सामाग्री नियमानुसार खरिद गरि सञ्चालन गर्न सकिनेछ ।
- परम्परागत सीप सञ्चालनको लागि आवश्यक भौतिक संरचना निर्माण गर्न सकिनेछ

**१.४ सीप विकास कार्यक्रम (सिकर्मि/डकर्मि/ईलेक्ट्रिसियन/प्लम्बिङ्ग/ड्राईभिङ्ग/सिलाई कटाई आदि)**

सीप तथा तालिम प्रदायक संस्थाहरुको उपलब्धताका आधारमा तालिम नियमानुसार सम्झौता गरि संचालन गरिनेछ ।

क. सहभागी मापडण्ड

१ उल्लेखित सीप विकासहरु मध्ये प्रत्येक विद्यामा लाभग्राहिहरुको आवेदन माग संख्या कम्तिमा १० जना हुनु पर्नेछ ।

२ १० जना भन्दा कम संख्या भएमा कार्यालय कार्यक्रम सञ्चालन गर्न बाध्य हुने छैन।

३ सरकारको लगानीको उचित सदुपयोगको लागि सिप सिकिसकेपछि लाभग्राहिले सम्वन्धित विधामा वर्ग अनुसारको दक्षता/योग्यताको आवश्यक प्रमाण पत्र (लाईसेन्स आदि) छ महिना भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ र सो प्रमाण पत्र प्राप्त गर्ने आवश्यक प्रकृयाको लागि व्यक्ति स्वयः जिम्मेवार हुनुपर्नेछ ।अन्यथा निकट दिनमा गाउँपालिकाले सरकारी सेवा सुविधाबाट बञ्चित गर्नेछ र सो सम्बन्धमा कुनै उजुर बाजुर लाग्ने छैन ।

१.५ स्वरोजगार प्रवर्द्धन (होटल/बधशाला आदि)

- वैदेशिक रोजगारमा सिकेको ज्ञान सीप अनुभव र प्रविधि प्रयोग गरी स्वरोजगारमा रहेका लाभग्राहीहरुलाई व्यावसाय व्यवस्थापन तथा विस्तार सहयोग गर्न सकिनेछ ।
- भौतिक संरचना निर्माण गर्नु पर्ने कार्यमा स्थानीय तहका प्राविधिकहरुले तयार गरेको लागत अनुमान बमोजिम कार्य गर्नु पर्नेछ ।

परिच्छेदः ७

(१२) आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखाङ्कन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावलि २०६४ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ बमोजिम गरिनेछ ।

परिच्छेद ८

(१३) थपघट, हेरफेर वा खारेज गर्न सक्ने

१ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

२ यो कार्यवधिको कार्यान्वयन लाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

अनुसूची-१

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति.................

हनुवागढी गाउँपालिका गाउँ कार्यपालिका घोडेटार भोजपुरको आ.व २०.../..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीवाट फर्केका व्यक्ति लक्षित पुनःएकिकरण कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्ने ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७/१५/३० औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जनकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्ने सम्भावित साझेदार कार्यहरु |
|---|---|---|---|---|
| | | | | |

प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः

१. अनुसूची-२ बमोजिम आवेदन ।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. वैदेशिक रोजगारमा जादा श्रम स्विकृतिको निस्सा रहेको राहदानीको प्रतिलिपी ।
४. कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकिए बमोजिमका अनुसूचीहरु ।
५. लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्भौता पत्र ।
६. अनुसूचि ३ बमोजमिको ब्यवसायीक योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता , अनुसूची ५ बमोजिमको स्वघोषणा र अनुसूची ६ बमोजिमको सिफारिस पत्र ।
७. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ ।

थप जानकारीका लागि ...........................को फोन नं.......................................मा सम्पर्क राख्न सकिनेछ ।

प्रेम कुमार राई
अध्यक्ष

अनुसूची-२

निवेदन

श्री ....................

............................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

हनुवागढी गाउपालिका गाउँ कार्यपालिकाको कार्यालयले मिति........................मा प्रकाशित सूचना अनुसार म/फर्म.........................................................को निवेदकले देहायका कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसिलः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः

संलग्न कागजातहरुको सूचिः

| क्र.स | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

निवेदक

नामः

दस्तखतः

मितिः

सम्पर्क नं.

अनुसूची-३

व्यवसाय योजना

प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क नम्बर | |
| ६ | समुह/फर्म व्यवसायको दर्ता नम्बर (उपलब्ध भएमा) | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| ९ | क्रियाकलापहरु : (प्राथमिक्ताको आधारमा ) | |

१० प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधार

| | | | | |
|---|---|---|---|---|
| १०.१ | सडक सुविधा छ /छैन | | नजिकको बजारको नाम | |
| १०.२ | कस्तो सडक छ(पक्कि/कच्चि) | | बजारसम्मको दुरि(कि.मि) | |
| १०.३ | बिजुलिको सुबिधा छ/छैन | | सदरमुकाम देखिको दुरिकि.मि) | |

## आर्थिक प्रस्ताव

स्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र.स | मुख्य मुख्य क्रियाकलापहरु (प्राथमिक्ताको आधारमा ) | इकाई | परिमाण | प्रतिइकाई दर रु. | कुल लागत रु. | प्रस्तावकको योगदान रु. | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |

माथि उल्लेखित विवरणहरु ठीक साचाँ छ, झुठो ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नाम | |
| पद | |
| दस्तखत | |
| मिति | |
| संस्थाको छाप | |

नोट: आवेदकको योगदानमा जग्गाको मूल्य समावेस गर्न पाईने छैन ।

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर
प्रदेश नेपाल

अनुसूची-४

प्रमुख प्रशासकीय अधिकृत

## लागत साझेदारीको प्रतिवद्धता

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ..........................गते प्रकाशित सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं........., गाँउ/टोल स्थायी ठेगाना भएको श्री .............. ले लागत साझेदारीमा .................. कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कूल लागत रु...............................को ......प्रतिशतले हुन आउने रु. ..........................अक्षरुपि .......................बराबरको लगानी आफनो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निबेदकको
दस्तखतः
नामः
मितिः

प्रेम कुमार राई
अध्यक्ष

अनुसूची–५

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ..........................गते प्रकाशित सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं......, गाँउ/टोल स्थायी ठेगाना भएको श्री..................................................ले लागत साझेदारीमा ........................................................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको [illegible] योजना संग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघीय सरकार प्रदेश र स्थानीय सरकारको [illegible] मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र/शाखाबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर [illegible] ठहरेमा सम्झौता रद्द लगाएत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निवेदक

दस्तखतः

नामः

मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची—६

वडा कार्यालयको सिफारिस पत्र

श्री...................

विपयः: सिफारिस गरिएको सम्वन्धमा ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ..........................गते प्रकाशित सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं. ............................... गाँउ/टोल स्थायी ठेगाना भएको श्री..........................................ले लागत साझेदारीमा ......................................... कार्यक्रम सञ्चालनका लागि सिफारिस पाँउ भनी यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातकोहरुको अध्ययन तथा आवश्यक जाँचवुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र सोही प्रकृतिको कार्यमा बिगत ३ वर्षे भित्र कुनै अनुदान लिएको देखिन नआएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने
दस्तखत
नाम
पद
मिति

प्रेम कुमार राई
अध्यक्ष

अनुसूची-७

## स्थलगत प्रमाणीकरण मुल्याङ्कन फारम

क) सामान्य जानकारी

१) जिल्ला:

२) आवेदकको नाम:

३) स्थायि ठेगाना:

४) प्रस्तावित कार्यक्रमको नाम:

५) कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

६) स्थलगत प्रमाणीकरण मिति:

७) स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क्र.सं | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) आवेदकको मुल्याङ्कन

| क्र.सं | मुल्याङ्कनका सूचकहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| | कार्यक्रम कार्यान्वियन स्थलको जग्गा वा भवन आवेदकको आफनै स्वामित्वको छ/छैन | ५ | |
| | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा छ/छैन | ५ | |
| | भविष्यमा विस्तारका लागि लागि जग्गा उपलब्ध हुन सक्ने संभावना छ/छैन | ५ | |
| | बाढि पहिरोले क्षती नपुग्ने अवस्था छ/छैन | ५ | |
| | कार्याक्रम कार्यान्वियन स्थलमा बाटो, पानी, बिजुलीको सुबिधा छ/छैन | ५ | |
| | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | ५ | |
| २ | प्राविधिक क्षमता | १५ | |
| | प्रस्तावित कार्यक्रमसंग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छनै | ५ | |
| | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| | आवेदक सम्वन्धित विषयको तालिम अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | वित्तिय क्षमता | १५ | |
| | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्था छ/छैन | ५ | |
| | साझेदारीका लागि बैक मौज्दात वा संचालित कारोवार बचत छ/छैन | ५ | |
| | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | ५ | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| | प्रस्तावित कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | ५ | |
| | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर नपुग्ने अवस्था छ/छैन | ५ | |
| ५ | अन्य पक्षहरु | २० | |

| | | | |
|---|---|---|---|
| ५.१ | संस्था/व्यक्तिको व्यवसायिक क्रियाशिलता छ/छैन | ५ | |
| ५.२ | दर्ता, नविकरण, अडिट, र करचुक्ता अध्यावधिक छ/छैन | ५ | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अबस्था छ/छैन | ५ | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बिच समानता छ/छैन | ५ | |
| ६.२ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | ५ | |
| जम्मा | | १०० | |

नोट: उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकरात्मक अवस्था भेटिए ५ अङ्क र नकरात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्दा कूल ३५ अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ। कूल ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन।

ग) आवेदक संग विद्यमान संरचना, सवारि साधन, मेशिनरि र उपकरणहरुको विवरण

| क्र.स | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

क)

ख)

ग)

घ)

ङ) स्थलगत प्रमाणीकरण टोलिको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदक संग लागत साझेदारी गरि प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुदैन भनि राय पेश गर्ने।

| क्र.स | स्थलगत प्रमाणीकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-८

प्रस्ताव मुल्यांकन फाराम

| क्र.स | मुल्यांकना आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको अनुभव | ५ | |
| | ३ वर्ष भन्दा कम | १ | |
| | ३ देखि ५ वर्ष सम्म | २ | |
| | ६ देखि ८ वर्षसम्म | ३ | |
| | ९ देखि ११ वर्ष सम्म | ४ | |
| | १२ भन्दा माथि | ५ | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| | सडक सुविधा भएको | ४ | |
| | बिजुलिको सुविधा भएको | २ | |
| | खानेपानिको सुविधा भएको | २ | |
| | जग्गा आफनो भएको | ८ | |
| | आफ्नै स्वामित्वको भवन, भैतिक पूर्वाधार सवारी साधन यन्त्र उपकरण भएको | ४ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम(संस्थाको हकमा स्थायी कामदारहरुको ) | १० | |
| ३.१ | ५ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ५ देखि १० दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | ११ देखि २० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | २१ दिन देखि १ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | १ महिना देखि २ महिना अवधि सम्मको तालिम | ९ | |
| ३.६ | ३ महिना अवधि सम्मको तालिम | १० | |
| ४ | वित्तिय क्षमता | ४ | |
| ४.१ | स्वलगानी गर्न सक्ने आधार भएको | २ | |
| ४.२ | अन्य निकायबाट सहयोग प्राप्त गर्न सक्ने अवस्था रहेको | २ | |

| | | | |
|---|---|---|---|
| ५ | प्रत्यक्ष लाभान्वित संख्या | ५ | |
| ५.१ | ४ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ भन्दा बढि | ५ | |
| ६ | वातावरणीय उपयुक्तता | ६ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | अन्य पक्षहरु | २० | |
| ७.१ | बिगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम बिच तालमेल रहेको | ५ | |
| ७ | संस्थाको अवस्थित र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | कार्यविधि अनुसारका फर्मेट र अनुसूचीहरुको पालना | ५ | |
| ७.४ | भईरहेको व्यवसाय नभइ लगानि गर्न खोजिएको नयाँ व्यवसाय | ५ | |
| ८ | स्वीकृत कार्यविधिका अनुसार थप आधारहरु | २३ | |
| ८.१ | सूचना अनुसार सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यावसायिक कार्य योजनाको स्पष्टता | ५ | |
| ८.५ | नियमानुसारको दस्तुर | ३ | |
| ९ | पेश भएका विवरणहरुको विश्वसनियता | ७ | |
| ९.१ | आवश्यक कागजातहरुको संलग्नता | ५ | |
| ९.२ | स्थानीय बासिन्दा बाट विरोध नहुने प्रमाण | २ | |
| | जम्मा | १०० | |

अनुसूची—९

समझौता—पत्र

मिति ........./.../....

समझौता पत्र ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुर (यस पछि पहिलो पक्ष भनिएको) र श्री ..................................... (यस पछि दोस्रो पक्ष भनिएको) का बीच .........................................................(कार्यक्रमको नाम) कार्यको लागि देहायका शर्तको अधिनमा रही कार्य गर्न/गराउन मन्जुर भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी १/१ प्रति बुझिलियौं/दियौं ।

सम्झौताका शर्तहरु:

१. दोश्रो पक्षले पहिलो पक्षबाट स्वीकृत व्यवसाय योजना अनुसारका देहायका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

| क.स | क्रियाकलाप विवरण | कुल लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| अक्षरेपि | | | | |

२. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि पहिलो पक्षसंग अनुगमन/जाँचपास गराइ फरफरक लिनुपर्ने छ ।

३. उल्लेखित कार्य सम्झौता भएको मिति देखि .... दिन भित्र सम्पादन गरी सक्नु पर्नेछ ।

४. उल्लेखित कार्य सम्पन्न गरेबापत पहिलो पक्षबाट दोश्रो पक्षलाई बिल भपाई/मुल्यांकनको आधारमा अनुदान रकम उपलब्ध हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए देखि बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

| प्रथम पक्ष | साँक्षी | दोश्रो पक्ष |
|---|---|---|
| दस्तखत:<br>नाम:<br>पद: प्रमुख प्रशासकीय अधिकृत<br>कार्यालय:हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय<br>छाप: | दस्तखत:<br>नाम:<br>पद:<br>दस्तखत:<br>नाम:<br>पद: | दस्तखत:<br>नाम:<br>पद:<br>संस्थाको नाम:<br>संस्थाको छाप: |

ईति सम्वत ...........साल ..........महिना....... गते....... रोज शुभम ।

<u>आज्ञाले:</u>

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

हलेसीगढी राजपत्र